प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, भरतपुर
बागमती प्रदेश

# प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०६/१४

यस कार्यालयको लागी सवारी चालक अनुमतिपत्रको नविकरण, वर्ग थप तथा नयाँ आवेदन गर्ने प्रयोजनको लागी स्वास्थ्य परीक्षण सम्वन्धि सेवा दिन ईच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र के कति शुल्कले उक्त सेवा दिन सकिन्छ सो खुलाई निम्न शर्तको अधिनमा रहि प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ ।

शर्तहरु

1. प्रस्ताव सम्वन्धि कागजात र शर्तहरु श्रम, रोजगार तथा यातायात मन्त्रालयको website- **molet.bagamati.gov.np** र यस कार्यालयको प्रशासन शाखाबाट निःशुल्क रुपमा मिति २०८०/०६/२८ गते सम्म कार्यालय समय भित्र प्राप्त गर्न सकिने छ ।
2. प्रति सेवा ग्राहि स्वास्थ्य परिक्षण गर्दा लिईने शुल्क अंक र अक्षर दुवैमा स्पष्ट खुलाई पेश गर्नु पर्ने छ ।
3. प्रस्ताव पेश गर्ने त्यस्ता व्यक्ति फर्म कम्पनी संस्थाले नेपाल मेडिकल काउन्सिलबाट दर्तावाला चिकित्सक हरुबाट चिकित्सकीय सेवा प्रदान गर्नु पर्ने छ । साथै प्रस्तावदाताले स्वास्थ्य सेवा प्रदान गर्ने चिकित्सक नियुक्ति गर्नु पर्ने भएमा त्यस्तो चिकित्सक पनि नेपाल मेडिकल काउन्सिलमा दर्तावाला हुनुपर्ने छ ।
4. प्रस्ताव दर्ता गर्नु पर्ने अन्तिम मिति २०८०/०६/२८ गते दिनको १२.०० बजे सम्म हुने छ । उक्त प्रस्ताव सोही दिन दिनको २.०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहभरमा खोलिने छ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन ।
5. स्वास्थ्य परिक्षणको सेवा वापतको शुल्क सम्वन्धित सेवाग्राहिबाट नै सेवा प्रदायकले उठाई लिनुपर्नेछ ।सो बराबरको रसिद सेवाग्राहिलाई दिनुपर्ने छ ।
6. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन दर्ता गर्नुपर्ने छ ।
7. प्रस्तावदाता व्यक्ति भए नेपाली नागरिकताको प्रतिलिपि मेडिकल काउन्सिल दर्ताको प्रतिलिपि तथा फर्म, कम्पनि वा संस्था भए संस्था दर्ताको प्रतिलिपि, कर चुक्ताको प्रतिलिपि पेश गर्नुपर्ने छ ।
8. प्रस्ताव दाताले प्रस्ताव र शर्तहरु मान्न मन्जुर छु भनि सहिछाप गरी शिलबन्दी प्रस्ताव बुझाउनु पर्ने छ ।
9. अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक नियमावलि, २०६४ (संसोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

यातायात व्यवस्था कार्यालय भरतपुर चितवन

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा ५२ ५९ र ६१ बमोजिम यस कार्यालयबाट हुने सवारी चालक अनुमतिपत्रको नयाँजारी, वर्ग थप तथा नवीकरण सम्बन्धी कार्यका लागी निरोगिता (स्वास्थ्य) परीक्षण गर्नुपर्ने भएको हुदाँ सेवाग्राहीबाट नै निरोगिता परीक्षण शुल्क लिनेगरी इच्छुक व्यक्ति, संस्था, फर्म तथा कम्पनीले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र शिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः-

१.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था नियमावनली, २०५४, यातायात व्यवस्था कार्यविधि निर्देशिका, २०६० (संसोधित) बुदा नं. १३.९ प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५,नेपाल स्वास्थ्य ऐन, २०५३, तथा नियमावली २०५५,राष्ट्रिय स्वास्थ्य नीति,२०७१ तथा प्रचलित कानूनको अधिनमा रही सेवाग्राहीहरुको स्वास्थ्य परीक्षण गर्नु पर्ने ।

२. स्वास्थ्य परीक्षण गर्ने चिकित्सक तथा अन्य सहायक कर्मचारीहरु कार्यालय समय मै उपस्थित भइ हाजिरी गरि स्वास्थ्य परिक्षण गर्नु पर्ने छ ।कार्यालय समय बाहेक सार्वजनिक बिदा तथा कार्यालय समय अघि पछि समेत कार्यालयको निर्देशनमा सेवा प्रवाह गर्नु पर्नेछ ।

३.कार्यालयले जग्गा/स्थान उपलब्ध गराउने आवश्यक पर्ने फर्निचर कर्मचारी कम्प्यूटर स्वास्थ्य उपकरण तथा स्टेशनरी आदी आवश्यक साम्राग्री तथा टहरा निर्माण आफैले गर्नु पर्नेछ ।

४.नेपाल सरकारबाट मान्यता प्राप्त चिकित्सक बाट मात्र स्वास्थ्य परीक्षण गराउनुपर्ने छ ।६(छ) महिनासम्म परिक्षणकाल रहने छ ।

५.स्वास्थ्य परीक्षण सेवा प्रदान गर्दा First Come First service को आधारमा लाईनमा क्रमश सेवा दिदैं जानुपर्ने र लाइनको व्यवस्थापन स्वयमले गर्नुपर्ने छ ।

६.कार्यालय प्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने छ ।

७. स्वास्थ्यपरिक्षण सेवाकोलागी कम्तिमा Bachelor of Medicine and Bachelor of Surgery उत्तिर्ण चिकित्सकलाई User प्रदान गरिनेछ । User को सुरक्षा स्वंयम आफैले लिनुपर्नेछ र User को दुरुपयोग गरेमा प्रयोगकर्ता स्वयम नै कानून बमोजिम सजायको भागीदार हुनुपर्नेछ ।

प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, भरतपुर
बागमती प्रदेश

## यातायात व्यवस्था कार्यालय, भरतपुर, चितवनको मेडीकल सेवा प्रदान गर्ने सम्वन्धि प्रस्तावको नमुना

### प्रस्ताव दाताको विवरण

प्रस्तावदाताको नामः-

ठेगानाः-

फर्म, कम्पनी वा संस्था भए प्रोपाईटरको नाम ठेगानाः-

ईजाजत लिएको संस्थाको नामः-

चिकित्सकको मेडिकल काउन्सिल दर्ता नः-

### शुल्क सम्वन्धी

मेडिकल सेवा सम्वन्धी लिने शुल्कः

रगत परिक्षण सम्वन्धी लिने शुल्कः

प्रस्तावित सेवा शुल्कमा कुनै छुट दिने भए सो रकमः

व्यक्ति आफै वा फर्म कम्पनी संस्था मार्फत सेवा दिने हो सोको विवरणः

प्रस्ताव साथ पेश गरेका अन्य कागजातहरुः

### व्यक्तीको हकमा

१.नेपाली नागरिकताको प्रतिलिपि भएको/नभएकोः

२. मेडिकल काउन्सिल दर्ता प्रमाणपत्र भएको/नभएकोः

३. शैक्षिक योग्यता वा प्रमाणपत्र पेश भए/नभएकोः

४. अन्यः

### फर्म, कम्पनी वा संस्थाको हकमा

१.संस्था दर्ता प्रमाण पत्र भए/नभएको

२.नविकरण, कर, चुक्ता भए/नभएको

३.कस्तो किसिमको सेवा दिने इजाजत लिएको हो सो विवरण

४.चिकित्सकको काउन्सिल दर्ता प्रमाण पत्र पेश भए/ नभएको

५.शैक्षिक योग्यताका प्रमाणपत्रहरु पेश भए नभएको

६.अन्य